# बालबालिकाहरुको दमको लागि प्राथमिक उपचार

NationalAsthma CouncilAustralia
leading the attack against asthma

## 1

**बालबालिकालाई उठाएर राख्नुहोला**

निर्धक्क रहनुहोला र बालबालिकालाई आश्वाशन दिनुहोला।
बालबालिकालाई एक्लो नछाड्नुहोला।

## 2

**एउटा रिलिभर ईन्हेलर (reliever inhaler) को ४ फरक फरक पफ दिनुहोला (उदारहणको लागि: भेन्टोलिन, आस्मोल वा एरोमिर** (e.g. Ventolin, Asmol or Airomir)

यदि उपलब्ध छ भने स्पेसलको प्रयोग गर्नुहोला
एक पटकमा एक पफ दिनुहोला हरेक फफमा ४-६ स्वासप्रश्वास गर्न दिनुहोला।

यदि उपलब्ध छ भने बालबालिकाको आफ्नै रिलिभर ईन्हेलरको प्रयोग गर्नुहोला।
यदि उपलब्ध छैन भने प्राथमिक उपचारको रिलिभर ईन्हेलरको प्रयोग गर्नुहोला वा सापटी माग्नुहोला।

**अथवा**

**२ फरक फरक मात्रको ब्रिकेनल ईन्हेलर दिनुहोला**

यदि पफर उपलब्ध छैन भने, तपाईंले ब्रिकेलिन **६ बर्ष वा माथिका बालबालिकाहरुलाई प्रयोग गर्न सक्नुहुनेछ,** यद्पी साधारणतया बालकले प्रयोग नगर्ने भएपनि।.

## 3

**४ मिनेट पर्खनुहोला**

यदि बालकले अझैपनि सामान्य सास फेर्न सक्दैन भने, **थप ४ पफ दिनुहोला।**
एक पटकमा एक पफ दिनुहोला (यदि उपलब्ध छ भने स्पेसर को प्रयोग गर्नुहोला)।

**४ मिनेट पर्खनुहोला**

यदि बालकले अझैपनि सामान्य सास फेर्न सक्दैन भने, **थप १ मात्रा दिनुहोला।**

## 4

यदि बालकले अझैपनि सामान्य सास फेर्न सक्दैन भने,

**एम्बुलेन्सलाई तुरुन्तै बोलाउनुहोला (००० डाएल गर्नुहोला)**

बालकलाई दम(आस्थमा) ले सक्रमण गर्यो भन्नुहोला।

**रिलिभर दिएको दियै गर्नुहोला।**

हरेक ४ मिनेटको अन्तरालमा ४ फरक फरक पफ एम्बुलेन्स नाउञ्नेल दिनुहोला।

यदि बालकले अझैपनि सामान्य सास फेर्न सक्दैन भने,

**एम्बुलेन्सलाई तुरुन्तै बोलाउनुहोला (००० डाएल गर्नुहोला)**

बालकलाई दम(आस्थमा) ले सक्रमण गर्यो भन्नुहोला।

**रिलिभर दिएको दियै गर्नुहोला।**

हरेक ४ मिनेटको अन्तरालमा १ मात्रा फ एम्बुलेन्स नाउञ्नेल दिनुहोला।

## ईन्हेलरको प्रयोग कसरी गर्ने

### स्पेसरको साथ

यदि उपलब्ध छ भने स्पेसरको प्रयोग गर्नुहोला*



- **स्पेसर जडान गर्नुहोला (४ बर्ष भन्दा मुनिको लागि मास्क जोड्नुहोला)**
- **पफरको ढक्कन हटाउनुहोला र राम्रो संग हल्लाउनुहोला**
- स्पेसरमा फपर सिधा उठाएर घुसाउनुहोला
- मुखको भाग बालकको दाँत को बिचमा घुसाउनुहोला र ओठले टपक्क पार्नुहोला अथवा बालकको नाख र मुखको माथी मास्क राख्नुहोला राम्रो संग बन्द हुने गरेर।
- स्पेसरमा एक पफ राख्नकोलागि एक पफर **एकपटक राम्रो संग दाब्नुहोला**
- **स्पेसरमा बालकले ४-६** पटक स्वास प्रस्वास गर्न दिनुहोला
- हरेक पल्ट १ पफ **दोहोर्याउनुहोला** ४ पफ लिने बेला सम्म – हेरक पफको अगाडी पफर राम्रोसंग हल्लाउनु सम्झनुहोला
- बिर्को फेर्नुहोला

### स्पेसर बिना

७ बर्ष माथिका बालबालिका यदि स्पेसर छैन भने



- **पफरको ढक्कन हटाउनुहोला** र **राम्रो संग हल्लाउनुहोला**
- बालकलाई पफरबाट टाढा **सास फ्याक्न** लगाउनुहोला
- मुखको भाग बालकको दाँत को बिचमा घुसाउनुहोला र ओठले टपक्क पार्नुहोला
- बालकलाई सुस्तरी गहिरो सास फेर्न भन्नुहोला
- बालकले सार फेर्दै गर्दा पफरमा **एकपटक राम्रो संग दाब्नुहोला**
- बालकलाई ४ सेकेण्ड सम्म सास रोक्न लगाउनुहोला, अनि पफरबाट टाढा सास फ्याक्न लगाउनुहोला
- हरेक पल्ट १ पफ **दोहोर्याउनुहोला** ४ पफ लिने बेला सम्म – हेरक पफको अगाडी पफर राम्रोसंग हल्लाउनु सम्झनुहोला
- **बिर्को फेर्नुहोला**

*यदि ७ बर्ष मुनिका बालकलाई स्पेसर उपलब्ध छेन भने, बालकको नाक र मुख वरिपरि बालककै /सहयोग गर्नेको हातको कप बनाएर राम्रो सिल श्रृजना गर्नुहोला। हातबा हावाको पकेटमा पफर दाब्नुहोला। स्पेसरको साथको कदम पालना गर्नुहोला*

### ब्रिकेनल

६ बर्ष र माथिका बालबालिकाहरुको लागि मात्र



- **ढक्कन खोल्नुहोला** र हटाउनुहोला
- **ईन्हेरलर सिधा माथी उठाएर पक्डेर** पछाडीतिर घुमाउनुहोला
- बालकलाई पफरबाट **टाढा सास फ्याक्न** लगाउनुहोला
- मुखको भाग बालकको दाँत को बिचमा घुसाउनुहोला र ओठले टपक्क पार्नुहोला
- **बालकलाई बलियो कडा सास लिन** भन्नुहोला
- बालकलाई बिस्तारै ईन्हेलर देखी पर सास फ्याक्न भन्नुहोला
- **दोहोर्याउनुहोला** दोश्रो मात्रा लिनको लागि – हरेको मात्राको अगाडी ग्रीप दुबै तर्फ बटार्न सम्झनुहोला
- **बिर्को फेर्नुहोला**

Nepali - Kids' First Aid for Asthma

MSC552

### यो दम हो हैन निधो भएन?

**एम्बुलेन्सलाई तुरुन्तै बोलाउनुहोला (००० डाएल गर्नुहोला)**

यदि बालक होसमै छ भने र उसको समस्या केवल स्वास प्रस्वास मात्रै छ भने, दमको प्राथमिक उपचारको कदम लिनुहोला। यदि उनिहुरमा दम छैन भने पनि यस दम रिलिभर औषधीले सायदै खराब गर्दैन।

### गम्भिर एलर्जी प्रतिकृया

**एम्बुलेन्सलाई तुरुन्तै बोलाउनुहोला (००० डाएल गर्नुहोला)**

यदि उपलब्द छ भने बालकको कार्य योजना(Action Plan)को कदम पालना गर्नुहोला। यदि तपाईंलाई बालकको गम्भिर एलर्जी छ भन्ने ज्ञात हुनुहुन्छ भने र गम्भिर एलर्जी भएको भन्ने लागेमा, उनिहरुको एडरनालाई अटोईन्जटक्टर(adrenaline autoinjector) ( जस्तै: EpiPen, Anapen) दमको रिलिभर औषधी दिनु अगाडी प्रयोग गर्नुहोला।.

**दमको बारेमा थप जानकारीको लागि:** Asthma Foundations *www.asthmaaustralia.org.au* National Asthma Council Australia *www.nationalasthma.org.au*

**यदि बयस्क व्यक्तीलाई दमको संक्रमण भएको भए, तपाईंले मेडिकल सुझाव नपाउञ्नेल माथिका कदमहरु पालना गर्न सक्नुहुनेछ।**

यद्पी सम्पूर्ण होसियारी अपनाईएता पनि, यो चार्ट केवल साधारण सुझावकोलागि मात्र हो जुनचाँही व्यक्तीगत मेडिकल सुझाव/उपचारलाई प्रतिस्थापित गर्दैन। National Asthma Council अष्ट्रेलिया सकृय रुपमा सम्पूर्ण जिम्वेवारीबाट (लापरवाहीको लागि समेत) कुनैपनि हानी, खराबी वा यस जानकारीमा नर्भर हुँदा हुन सक्ने व्यक्तीगत हानी समेत बाट अलक रहन्छ। © National Asthma Council Australia 2011.

Funding for translations provided by NSW Multicultural Health Communication Service